apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २३२ ● पृष्ठ: ४ ● २२ भदौ २०८३ सोमबार (07 September 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## काउन्सिल र प्राधिकरणको संयुक्त टोली सिरहामा

### प्रदेशकै सञ्चार क्षेत्रका समस्या पहिचान गरी समाधान गरिने



**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, भदौ २१ गते**

मधेश प्रदेशको सञ्चार क्षेत्रमा देखिएका समस्या तथा चुनौती पहिचान गरी आगामी कार्यदिशा तय गर्ने उद्देश्यले मिडिया काउन्सिल मधेश प्रदेश र आमसञ्चार प्राधिकरणको संयुक्त टोलीले सिरहाका सञ्चारकर्मीहरूसँग छलफल गरेको छ।


सिरहा पुस्तकालयमा काउन्सिल र प्राधिकरणको संयुक्त टोलीले सिरहा जिल्लाका पत्रकारमा पत्रकारले सामना गर्ने चुनौती र पत्रकारिताको नाममा आचारसंहिता विपरीतका गतिविधि सहित सञ्चारमाध्यम तथा सञ्चारकर्मीको वास्तविक अवस्था बुझ्ने, जिल्लास्तरका समस्या पहिचान गर्ने र आगामी दिनमा आवश्यक समन्वय तथा सहकार्यका लागि सुझाव संकलन गर्ने उद्देश्यले छलफल गरेको छ। सो छलफलमा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जीतेन्द्र खड्गाले सञ्चार क्षेत्रको विकासका लागि प्रदेशका सञ्चारमाध्यम र पत्रकारसँग निरन्तर संवाद तथा सहकार्य आवश्यक रहेको बताएका छन्। जिल्लाबाट प्राप्त समस्या तथा सुझावलाई प्राथमिकता दिदै प्रदेशको सञ्चार क्षेत्रलाई थप व्यवस्थित र व्यावसायिक बनाउन आफूले पहल गरिरहने बताएका छन् । संयुक्त टोलीमा सहभागी मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झाले सिरहा जिल्ला केही पत्रकारहरुले आचारसंहिता विपरित काम गरिरहेको गुनासो आएको र यसमा सुधार गर्दै मर्यादित र जिम्मेवार रुपमा पत्रकारिता गर्नुपर्ने आवश्यक भएको बताएकी छिन्।

छलफलमा आचारसंहिता कार्यान्वयन, वास्तविक पत्रकारको पहिचान, सञ्चारमाध्यमको नियमन, पत्रकारको संस्थागत सुरक्षा तथा पत्रकारितामाथिको राजनीतिक प्रभावलगायतका विषयमा छलफल भएको छ। छलफलमा वरिष्ठ पत्रकार अनिरुद्र ठाकुरले जिल्लामा वास्तविक पत्रकार र नामधारी पत्रकार छुट्याउन कठिन भइरहेको भन्दै अनलाइन तथा पत्रपत्रिका सञ्चालनका नाममा पत्रकारिताको आवरणमा गलत गतिविधि भइरहेकोले नियमनकारी निकायले प्रभावकारी अनुगमन तथा कारबाही गर्नुपर्नेमा जोड दिएका छन्। यस्तै नेपाल पत्रकार महासंघ सिरहाका सदस्यद्वय नरेश चन्द्र बरबरिय र सोनु

बाँकी पृष्ठ २ ▸▸

## ऋण असुली क्रममा यातना र दुर्व्यवहार गरे प्रशासनमा उजुरी गर्न सकिने

### गृहले जिल्ला प्रशासनहरूलाई गऱ्यो पत्राचार




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २१ गते**

ऋण असुलीका क्रममा ऋणीलाई यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने तथा गालीगलौज र दुर्व्यवहार गर्ने कार्य भए जिल्ला प्रशासन कार्यालयहरूमा उजुरी गर्न सकिने भएको छ।

गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, सिरहालाई पठाएको पत्रमा ऋण असुलीका क्रममा हुने यस्ता गैरकानुनी गतिविधिविरुद्ध उजुरी परे प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ।

पत्रमा भनिएको छ, 'ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड, गाली बेइज्जती, दुर्व्यवहार लगायतका गैरकानुनी कार्यहरू गरेमा त्यस्ता कार्यउपर पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने।'

मन्त्रालयको शान्ति, सुरक्षा तथा अपराध नियन्त्रण शाखाले २०८३ भदौ १५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निर्णय अनुसार कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरेको हो।

## आँसु लुकाएर ज्यान जोगाउने सुरक्षाकर्मीप्रति प्रधानमन्त्रीको आभार



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २१ गते**

प्रधानमन्त्री बालेन शाहले भोटेकोसी र त्रिशूली नदीको विनाशकारी बाढीका बीच ज्यानको बाजी लगाएर खोज तथा उद्धारमा खटिएका राष्ट्रसेवक सुरक्षाकर्मीहरूको अदम्य साहस र निष्ठाको प्रशंसा गरेका छन्।

बाढीमा आफ्नै ८२ जना सहकर्मी

बाँकी पृष्ठ ४ ▸▸

## सामुदायिक विद्यालयलाई सबै जाति र वर्गको साझा संस्थाका रूपमा स्थापित गर्नुपर्छ : शिक्षामन्त्री सिंह




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २१ गते**

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले सामुदायिक विद्यालयलाई सबै जाति, समुदाय र वर्गका बालबालिकाले अध्ययन गर्ने साझा संस्थाका रूपमा विकास गर्नुपर्ने बताएका छन्।

गोलबजारमा आयोजित प्रधानाध्यापक संघ, नेपाल (पान) को तेस्रो सिरहा जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै मन्त्री सिंहले सामुदायिक विद्यालय निश्चित जाति, समुदाय वा वर्गका विद्यार्थी अध्ययन गर्ने थलोका रूपमा विकास हुँदै गएकोप्रति चिन्ता व्यक्त गरे।

उनले सामुदायिक विद्यालयको अवस्था सुधार गर्न शिक्षक तथा प्रधानाध्यापकले योजनाबद्ध रूपमा काम गर्नुपर्ने बताए । "हाम्रा सामुदायिक विद्यालय खास वर्ग र जातिका विद्यार्थी पढ्ने थलो जस्तो देखिएको छ । यसलाई सुधार गर्न सकिन्छ। त्यसका लागि गुरुवर्गले योजनाबद्ध रूपमा काम गर्न आवश्यक छ," उनले भने, "सामुदायिक विद्यालयलाई सम्पूर्ण जाति, समुदाय र वर्गको साझा संस्थाका रूपमा स्थापित गर्नुपर्छ।"

सामुदायिक विद्यालयको सुधारका लागि तीनै तहका सरकार, शिक्षक, अभिभावक तथा नागरिक समाजको सामूहिक प्रयास आवश्यक रहेको उनको भनाइ थियो।

मन्त्री सिंहले संविधानले शिक्षा र स्वास्थ्यलाई नैसर्गिक अधिकारका रूपमा परिभाषित गरे पनि सरकारका नीति, योजना तथा कार्यक्रममा अपेक्षित प्राथमिकता नपाएको बताए। विकासको मेरुदण्ड शिक्षा हो भनेर नेताहरूले भन्दै आए पनि बजेट

बाँकी पृष्ठ ३ ▸▸

## भोटेकोशी बाढी: १ हजार ३५३ जनाको शव फेला



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २१ गते**

भोटेकोशी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३५३ जनाको शव फेला परेको छ। यस्तै, बाढीमा परी अझै तीन हजार ९९२ जना सम्पर्कविहीन छन्।

प्रहरी प्रधान कार्यालय नक्सालको पछिल्लो विवरणअनुसार फेलापरेका शवमध्ये ५३० पुरुष, ३२८ महिला तथा ४९५ वटा शव पहिचान गर्न नसकिने अवस्थामा छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ

बाँकी पृष्ठ ४ ▸▸

## खाँडो खोलामा पानी नहुँदा खडेरीको चिन्ता



**अपन दैनिक संवाददाता**
**सप्तरी, भदौ २१ गते**

सप्तरीको खाँडो खोलामा पानीको बहाव नहुँदा खोला सुख्खा बनेको छ। तिलाठी कोइलाडी गाउँपालिका-२ लौनियाँस्थित खाँडो खोलामा पानीको सट्टा अहिले बालबालिका फुटबल खेलिरहेका छन्। खोलामा पानी नहुँदा आसपासका किसान भने धानबाली सुक्ने चिन्तामा छन्।

गत वर्ष खडेरीका बेला गाउँपालिकाले खाँडो खोलामा अस्थायी बाँध निर्माण गरी खेतमा सिँचाइका लागि पानी पुऱ्याएको थियो। यस वर्ष भने खोलामै पानीको अभाव भएपछि सोही स्थान बालबालिकाका लागि खेलमैदान बनेको छ।

तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाका अनुसार पानी बग्नुपर्ने खोलामा बालबालिका फुटबल खेल्ने अवस्था आउनु किसानका लागि चिन्ताको विषय बनेको छ। खेतमा धान हराभरा हुनुपर्ने समयमा सिँचाइका लागि पानीको खोजी गर्नुपर्ने अवस्था आएको उनले बताए।

सप्तरीमा करिब एक महिनादेखि पर्याप्त वर्षा भएको छैन। धान रोपाइँ सम्पन्न गरेर उत्पादनको आशामा बसेका किसान अहिले खेतमा पानीको अभाव हुन थालेपछि चिन्तित बनेका छन् । खेतमा जमेको पानी सुक्दै गएपछि धानबालीमा सिँचाइको आवश्यकता बढ्दै गएको छ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशन मेहताका अनुसार हालसम्म धानबालीमा ठूलो क्षति भइसकेको अवस्था छैन । तर, तत्काल वर्षा नभए खेतमा पानीको अभाव बढ्दै जाँदा धानको उत्पादनमा कमी आउने जोखिम उच्च रहेको उनले बताए।

"अहिलेसम्म धानबाली बाँचेको

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## ऋण असुलीका नाममा ज्यादती बन्द गर

ऋण लिनु र ऋण तिर्नु दुवै वित्तीय अनुशासनका महत्वपूर्ण पक्ष हुन् । बैंक, वित्तीय संस्था, सहकारी तथा विभिन्न ऋणदाता संस्थाबाट नागरिकले आफ्नो आवश्यकता र व्यवसायका लागि ऋण लिन्छन् भने तोकिएको समय र सर्तअनुसार ऋण फिर्ता गर्नु ऋणीको दायित्व हो । तर ऋण असुलीको नाममा ऋणीलाई यातना दिने, धम्क्याउने, गाली-बेइज्जती गर्ने, घरबाट जिन्सी सामान उठाएर लैजाने वा किस्ता नतिरेसम्म कर्मचारीलाई घरमै राखेर मानसिक दबाब दिने कार्य कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन । सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपालबीच २०८३ भदौ ६ गते भएको सहमतिअनुसार मन्त्रिपरिषद्को बैठकले सहमतिपत्र ग्रहण गरी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाएको छ। उक्त सहमतिपत्रको बुँदा नं. ८ ले ऋण असुलीका क्रममा यातना, घरबाट जिन्सी सामान उठाएर लैजाने, धरकपड, गाली-बेइज्जती तथा दुर्व्यवहारजस्ता गैरकानुनी कार्य भएमा पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न सक्ने र प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउने व्यवस्था कार्यान्वयनतर्फ जोड दिएको छ। यो व्यवस्था कागजमा सीमित हुनु हुँदैन । ऋण असुलीका नाममा नागरिकमाथि हुने ज्यादती रोक्न राज्यका सम्बन्धित निकायले प्रभावकारी अनुगमन र कानुनी कार्यान्वयन गर्न आवश्यक छ।

ऋण नतिरेको विषयमा कानुनी प्रक्रिया अवलम्बन गर्ने अधिकार ऋणदाता संस्थासँग हुन्छ। तर त्यो अधिकारको अर्थ ऋणीलाई अपमानित गर्ने, सार्वजनिक रूपमा बेइज्जत गर्ने, घरपरिवारका सदस्यलाई मानसिक दबाब दिने वा जबर्जस्ती सामान उठाएर लैजाने अधिकार होइन । ऋण असुलीका लागि अदालत तथा प्रचलित कानुनी संयन्त्र छन् । त्यसैले संस्थाहरूले कानुनी बाटो छाडेर दबाब र डरको बाटो रोज्नु हुँदैन । विशेषगरी आर्थिक रूपमा कमजोर, साना व्यवसायी, किसान तथा दैनिक आम्दानीमा निर्भर नागरिक ऋणको किस्ता तिर्न नसक्दा थप मानसिक र सामाजिक दबाबमा पर्ने गरेका गुनासा सुनिन्छन्। व्यवसायमा घाटा, प्राकृतिक विपत्ति, बेरोजगारी वा अन्य आर्थिक कठिनाइका कारण समयमै किस्ता तिर्न नसक्ने अवस्थालाई अपराधीलाई जस्तो व्यवहार गर्नु न्यायोचित हुँदैन । ऋणीको वास्तविक अवस्था बुझेर सहजीकरण तथा कानुनी विकल्प खोज्नु पनि वित्तीय संस्थाहरूको जिम्मेवारी हो । त्यसैगरी ऋणीले पनि ऋण लिएको जिम्मेवारीबाट पन्छिन मिल्दैन । ऋण लिएपछि सम्झौताअनुसार साँवा तथा ब्याज तिर्ने प्रयास गर्नुपर्छ। आर्थिक समस्या भए सम्बन्धित संस्थासँग संवाद गरी समाधान खोज्नुपर्छ। ऋण नतिर्ने प्रवृत्तिलाई संरक्षण गर्नु पनि वित्तीय अनुशासनका दृष्टिले गलत हुन्छ।

त्यसैले ऋण असुली र मानव मर्यादाबीचमा स्पष्टता जरुरी छ। ऋण असुली कानुनी अधिकार हो, तर यातना दिने अधिकार होइन । यही मूल मान्यतालाई व्यवहारमा स्थापित गर्न सके मात्र वित्तीय क्षेत्रप्रति नागरिकको विश्वास बढ्न सक्छ। जिल्ला प्रशासन कार्यालय, प्रहरी प्रशासन, स्थानीय तह तथा सम्बन्धित नियामक निकायहरूले ऋण असुलीका क्रममा हुने गैरकानुनी गतिविधिको गम्भीरतापूर्वक निगरानी गर्नुपर्छ। पीडितले उजुरी गर्दा उजुरीलाई सामान्य विवादका रूपमा लिएर पन्छाउने होइन, घटनाको प्रकृति हेरी कानुनअनुसार निष्पक्ष छानबिन र कारबाही अघि बढाउनुपर्छ। सरकारले पनि सहमतिपत्रको बुँदा कार्यान्वयनमा आवश्यक पर्ने कार्यविधि, जिम्मेवार निकाय र प्रभावकारी अनुगमन संयन्त्र सुनिश्चित गर्नुपर्छ। ऋणदाता संस्थाहरूलाई कानुनी सीमाभित्र रहेर ऋण असुली गर्न सचेत गराउँदै गैरकानुनी दबाब वा हिंसात्मक व्यवहार गर्ने कर्मचारी तथा संस्थामाथि आवश्यक कारबाही हुनुपर्छ। नागरिकले ऋण लिएको कारण आफ्नो आत्मसम्मान, सुरक्षा र मानव मर्यादा गुमाउनुपर्ने अवस्था आउनु हुँदैन । आर्थिक कारोबार कानुन र सम्झौताका आधारमा चल्नुपर्छ, डर र धम्कीका आधारमा होइन । ऋण तिर्नुपर्छ, तर ऋण असुलीका नाममा नागरिकलाई यातना दिनु हुँदैन । राज्यले ऋणीको दायित्व र ऋणीको अधिकार दुवैको संरक्षण गर्दै कानुनी शासनको अनुभूति दिलाउनुपर्छ वर्तमान समयको माग र आवश्यकता पनि हो । जसले भय त्रासको वातावरणको अन्त गरि मेलमिलाप कायम राख्न मद्दत मिल्छ ।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# सरकारले कर्मचारी प्रशासनलाई मानवीय संवेदनाका साथ हेर्न सकेको छैन

### निजामती ऐन पारित नहुँदा कर्मचारीतन्त्र निरुत्साहित, अहिलेको सरकारसँग सुधार गर्ने अन्तिम अवसर छ



✍ **केवलप्रसाद भण्डारी**

सङ्घीयता लागू भएको झन्डै एक दशक बितिसक्दा पनि सङ्घीय निजामती सेवा ऐन पारित हुन नसक्दा कर्मचारीतन्त्र अन्योल, निरुत्साहन र वृत्ति विकासको संकटमा फसेको छ ।

कानुनी अनिश्चितता, प्रभावकारी प्रशिक्षण र सामाजिक सुरक्षाबिना सङ्घीय शासन प्रणालीले अपेक्षित सेवा दिन नसक्ने बताए । भण्डारीका अनुसार सङ्घीय संरचनाअनुसार कर्मचारी प्रशासनलाई पुनर्संरचना गर्नुपर्ने काम थाती रहँदा कर्मचारीको मनोबल कमजोर बनेको छ ।

तीन तहको सरकारमा काम गर्नुपर्ने नयाँ संरचनाअनुसार कर्मचारीको वृत्ति विकास, पदोन्नति र कार्य प्रणालीलाई समयानुकूल बनाउन नसकिएको हो । कर्मचारीलाई आफ्नो सेवा जीवनबारे स्पष्टता आवश्यक पर्छ। कति समय कहाँ काम गर्ने, कहिले बढुवा हुने, कस्ता सुविधा पाउने र भविष्य के हुने भन्ने निश्चितता कर्मचारीलाई चाहिन्छ ।

अहिले अवकाश उमेर, सेवा अवधि र सरुवासम्बन्धी विरोधाभाषी बहसले कर्मचारीमा असुरक्षा र भयको वातावरण सिर्जना भएको छ । सङ्घीय निजामती सेवा ऐनको मस्यौदामा अवकाशको उमेर ६० वर्ष प्रस्ताव गरिएकै बेला अर्कोतर्फ ५५ वर्षमै अवकाश गराउने चर्चा चल्नुले कर्मचारीमा थप अन्योल पैदा गरेको छ । यही कारणले केही कर्मचारीले स्वैच्छिक रूपमा सेवा छाडेको हुन सक्छ ।

बहुमतको सरकार गठन भएपछि कर्मचारी प्रशासनमा व्यापक सुधार हुने अपेक्षा गरिएको भएपनि त्यो अपेक्षा पूरा हुन नसकेको हो । झन्डै दुई तिहाइको सरकार बनेपछि सेवा वितरण प्रभावकारी हुन्छ, कर्मचारी प्रशासनमा नयाँ बाटो खुल्छ भन्ने विश्वास थियो, तर त्यो देख्न पाइएन ।

पूर्वसचिव भण्डारीले कर्मचारी प्रशासनलाई राजनीतिभन्दा कम महत्त्वको रूपमा हेर्ने प्रवृत्तिले पनि कर्मचारीको मनोबल घटाएको छ । सरकारले नीति बनाउने र कर्मचारीले त्यसको कार्यान्वयन गर्ने भएकाले सार्वजनिक सेवामा दुवैको भूमिका समान रूपमा महत्वपूर्ण हुन्छ ।

सरकारले मन्त्रालयको संख्या २१ बाट १८ मा सीमित गर्ने निर्णय सरकारको अधिकारको विषय माने पनि त्यसले उच्च तहको पदसोपानमा असर पार्ने गर्छ । मन्त्रालय घटेपछि सचिव, सहसचिव र उपसचिवजस्ता पदहरूको अवसर सीमित हुने भएकाले वृत्ति विकासमा असर पर्ने छ। तर मन्त्रालय घटेकै कारण दैनिक कामकाजमा ठूलो समस्या पर्दैन ।

सङ्घीयता लागू भएपछि कर्मचारीतन्त्रलाई नयाँ शासन प्रणालीअनुसार तयार पार्न उच्चस्तरीय प्रशासनिक पुनर्गठन आयोग गठन नगर्नु ठूलो कमजोरी हो। सिंहदरबारका उच्च अधिकारीले सङ्घीय प्रणाली बुझे पनि दुर्गम क्षेत्रमा सेवा दिने कर्मचारीलाई पर्याप्त प्रशिक्षण नदिइएकाले अहिले पनि सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यक्षेत्रको दोहोरोपन देखिने गरेको छ ।

संसद्मा पेस हुने तयारीमा रहेको सङ्घीय निजामती सेवा विधेयकमा केही सकारात्मक सुधार समेटिएको छ । विधेयकमा निजामती सेवाको उद्देश्य स्पष्ट गर्ने, आरक्षण प्रणालीमा क्लस्टरिङ गर्ने, नेतृत्व मूल्याङ्कनको व्यवस्था, निजामती सेवा बोर्ड गठन र अधिकृतभन्दा माथिका कर्मचारीको मासिक कार्यसम्पादन मूल्याङ्कनजस्ता नयाँ प्रावधान रहेको छ ।

यद्यपि, यतिले मात्र सङ्घीय कर्मचारी प्रशासन सक्षम हुँदैन् । सेवा प्रवेशको उमेर पुनर्विचार गर्नुपर्ने, कम उमेरमै कर्मचारी भर्ना गरेर व्यवस्थित प्रशिक्षण दिनुपर्ने तथा सहायक तहका कर्मचारीका लागि अनिवार्य तालिम पुनः सुरु गर्नुपर्ने हुन्छ । साथै स्वास्थ्य, सामाजिक सुरक्षा, बालबालिका हेरचाह र आर्थिक-गैरआर्थिक सुविधामा सुधार नगरेसम्म नयाँ कानुनले मात्रै कर्मचारीतन्त्रलाई रूपान्तरण गर्न सक्दैन ।

अहिलेको सरकारसँग सङ्घीय निजामती सेवा ऐनलाई थप परिमार्जन गरेर नागरिकमुखी, आधुनिक र उत्तरदायी कर्मचारीतन्त्र निर्माण गर्ने महत्त्वपूर्ण अवसर अझै बाँकी रहेको छ ।

**मानवीय संवेदनाबिना निजामती सेवा सुधार सम्भव छैन**

प्रस्तावित संघीय निजामती सेवा ऐनमा पदोन्नति, वृत्ति विकास र सामाजिक सुरक्षाका विषय समेटिए पनि कर्मचारीको वास्तविक उत्प्रेरणा बढाउने गरी अझै सुधार आवश्यक रहेको छ ।

उनले कर्मचारीलाई केवल तलब-भत्तामा सीमित राखेर राज्यले अपेक्षित सेवा प्रवाह हासिल गर्न सक्दैन । संघीय निजामती सेवा ऐनका व्यवस्थाबारे गरिएको पदोन्नति प्रणाली तथ्यांकमा आधारित वैज्ञानिक विश्लेषणबिनै अघि बढाइएको जस्तो देखिएको छ ।

अहिले एक तहबाट अर्को तहमा पुग्न सात वर्षको व्यवस्था हुँदा त्यसपछिको तहमा पुग्न १४ वर्षसम्म लाग्ने अवस्था देखिएको छ । उपलब्ध जनशक्ति, उमेर र सेवा अवधिको विश्लेषण गरेर पदोन्नति प्रणाली पुनर्विचार गर्नुपर्ने हुन्छ ।

पदोन्नति कर्मचारीको उत्प्रेरणासँग जोडिएको विषय हो । तर मन्त्रालय र विभागको संरचना संकुचन हुँदै जाँदा पद घट्ने र अवकाश पनि हुने भएकाले यसको प्रभाव अपेक्षित रूपमा नदेखिन सक्छ । सरकारले कर्मचारी प्रशासनलाई मानवीय संवेदनाका साथ हेर्न नसकेको अवस्था छ । कर्मचारीलाई तलब दिएपछि काम गरिहाल्छन् भन्ने सोच राखिएको छ ।

जबकि कर्मचारीको वृत्ति विकास, सामाजिक सुरक्षा, परिवारको शिक्षा-स्वास्थ्य र अवकाशपछिको जीवनलाई समेत राज्यले प्राथमिकतामा राख्नुपर्छ। ३० वर्षभन्दा बढी सेवा गरेर ६० वर्षमा अवकाश पाउने कर्मचारीको त्यसपछिको जीवन सुरक्षित बनाउने व्यवस्था आवश्यक रहेको छ । अवकाशपछि नयाँ काम सुरु गर्न सहज हुँदैन । त्यसैले जीवन निर्वाहको आधार राज्यले सुनिश्चित गर्नुपर्छ।

**सरुवा र तालिम प्रणालीमा सुधार आवश्यक**

कर्मचारी सरुवा प्रणालीलाई वैज्ञानिक बनाउनुपर्नेछ । हिमाल, तराई र राजधानीमा कार्यरत कर्मचारीबीच अवसरको असमानता हटाउन नसकिए कार्यक्षमतामा असर पर्नेछ।

कर्मचारीलाई नियमित तालिम, अध्ययन तथा फेलोसिपका अवसर उपलब्ध गराउनुपर्ने आवश्यकता पनि छ । विश्वविद्यालयको पढाइ पूरा गरेर सेवामा आएपछि मात्रै काम गर्न सकिँदैन । सरकारले आवश्यक सीपका लागि देशभित्र र विदेशमा अध्ययनका अवसर दिनुपर्छ, तर अहिले त्यस्ता कार्यक्रम घट्दै गएका छन् ।

**सञ्चय कोषको बचत सामाजिक सुरक्षामा प्रयोग गर्न सुझाव**

कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषमा रहेको ठूलो बचत कर्मचारीको सामाजिक सुरक्षामा प्रभावकारी रूपमा उपयोग गर्न सकिने छ । ती संस्थाले कर्मचारी, सेना र प्रहरीका परिवारको शिक्षा, स्वास्थ्य तथा आवासका क्षेत्रमा अझ बढी भूमिका खेल्न सक्ने भए पनि त्यसअनुसार काम हुन सकेको छैन ।

नेपालको सामाजिक-सांस्कृतिक परिवेशमा आफ्नै आवासको व्यवस्था नागरिकका लागि महत्वपूर्ण विषय भएकाले राज्यले त्यसतर्फ विशेष कार्यक्रम ल्याउनुपर्ने छ ।

**दुर्गममा काम गर्ने कर्मचारीलाई समान अवसरको माग**

पदोन्नति र अवसर वितरणमा पहुँचका आधारमा हुने विभेद अन्त्य गर्नुपर्ने हुन्छ। नेतृत्वको नजिक भएकाले छिटो पदोन्नति हुने र दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारी पछि पर्ने अवस्था रहे कर्मचारी प्रशासन प्रभावकारी हुँदैन ।

संघीय निजामती सेवा ऐनले स्वास्थ्य बीमा, सामाजिक सुरक्षा र सेवा-सुविधाका व्यवस्था समेटेको भए पनि त्यसलाई व्यवहारमा निष्पक्ष र समान रूपमा लागू गर्न सके मात्रै निजामती सेवाको मनोबल र सेवा प्रवाहमा सुधार आउनेछ ।

## काउन्सिल र प्राधिकरणको संयुक्त टोली ..........

मिश्राले सिरहामा पत्रकारका लागि व्यवस्थित कार्यालय तथा आवश्यक पूर्वाधारको अभाव रहेको बताएका छन्। दिनभर फिल्डमा खटिएर काम गर्ने पत्रकारले फर्किएपछि समाचार लेखन तथा सम्पादनका लागि समेत उपयुक्त कार्यस्थल सिरहामा नभएको उनीहरूले बताए ।

यस्तै सिरहा पुस्तकालयका अध्यक्ष समेत रहेका नयाँ पत्रिका दैनिकका सुरेन्द्र कुमार कामतिले प्रदेशमा पत्रकारको हितलाई ध्यानमा राखेर कार्यक्रम आउनु पर्ने सुझाव दिए। सक्रिय पत्रकारहरुको विमासँगै फेलोसिप, नगद सहित सम्मान कार्यक्रम गरि प्रोत्साहन गर्नुपर्ने कामतिले बताएका छन् ।

मिडिया काउन्सिलले जिल्लास्तरमा आफ्नो उपस्थिति प्रभावकारी बनाउन नियमित अनुगमन, बैठक तथा अन्तरक्रिया गर्नुपर्ने छलफल सहभागी पत्रकार रामपुकार यादवले बताए । राजनीतिक स्वार्थका लागि पत्रकारलाई प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको भन्दै त्यसलाई नियन्त्रण गर्न सम्बन्धित निकाय गम्भीर हुनुपर्ने सहभागीहरुको भनाई पनि थियो। वास्तविक पत्रकारलाई टिकाउने, पहिचान गर्ने र स्थापित गराउनेतर्फ नियामक तथा सम्बन्धित निकायले ध्यान दिनुपर्ने पत्रकारहरुले बताएका छन् । छलफलमा पत्रकारहरूले सञ्चारमाध्यमको आर्थिक दिगोपना, विज्ञापन व्यवस्थापन, पत्रकारको पेशागत सुरक्षा, सामाजिक सुरक्षा, आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पत्रकारितामाथिको राजनीतिक प्रभाव न्यूनीकरणका विषयमा ध्यानाकर्षण गराए । मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणको टोलीले सिरहाबाट प्राप्त सुझाव तथा समस्यालाई आगामी नीति, योजना र कार्यक्रम निर्माणमा समेट्ने संयुक्त टोलीले प्रतिबद्धता जनाए । सञ्चार क्षेत्रको सुधारका लागि सम्बन्धित पक्षसँग आवश्यक समन्वय र सहकार्य गरिने टोलीको भनाइ थियो । टोलीमा प्राधिकरणका सदस्य ज्योती झाको पनि सहभागीता रहेको थियो ।

सो अवसरमा सिरहा पुस्तकालय अध्यक्ष समेत रहेका पत्रकार कामतिले काउन्सिल र प्राधिकरणका टोलीलाई गम्छा ओढाएर सम्मान गरेका थिए ।

## आजको राशिफल

**मेष :** शिक्षा तथा परीक्षामा अनुकूल परिणाम प्राप्त हुनेछ । आत्मविश्वास र उत्साह बढ्ने संकेत छन् ।

**बृष :** बोलचालमा संयमता आवश्यक छ। व्यापार तथा शैक्षिक क्षेत्रमा सुधारको संभावना प्रबल छ ।

**मिथुन :** वैदेशिक प्रयत्नमा सफलता मिल्नेछ । तथापि, नजिकका साथीहरूबाट धोका वा निराशा पर्न सक्ने देखिन्छ ।

**कर्कट :** आर्थिक र धार्मिक गतिविधिमा उतारचढाव देखिन सक्छ। शिक्षा तथा राजनीतिमा विशेष ध्यान दिनु उपयुक्त हुन्छ ।

**सिंह :** परिवारको सहयोग प्राप्त हुनेछ । व्यापारिक क्षेत्र लाभदायक रहनेछ ।

**कन्या :** सम्पत्ति आर्जनको अवसर प्राप्त हुनेछ। राजनीतिक क्षेत्रमा तनाव सिर्जना हुन सक्छ ।

**तुला :** आर्थिक कठिनाइको सामना गर्नुपरे पनि शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिक :** विरोधीहरूको गतिविधि बढ्न सक्छन्, तर धैर्य अपनाउँदा स्थितिलाई नियन्त्रणमा ल्याउन सकिन्छ ।

**धनु :** प्रशंसा र सम्मान बढ्नेछ । शैक्षिक अवसरहरू विस्तार हुनेछन् ।

**मकर :** ठूलो नाफाको सम्भावना कम भए पनि सामान्य कार्यहरू सहज रूपले अघि बढ्नेछन् ।

**कुम्भ :** शिक्षा, स्वास्थ्य र श्रमसम्बन्धी क्षेत्रमा सकारात्मक परिणाम प्राप्त हुनेछ ।

**मीन :** आफन्तको सहयोग प्राप्त हुनेछ। शिक्षा, स्वास्थ्य र राजनीतिक पक्ष स्थिर रहनेछन् ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेश प्रदेशमा आधाभन्दा बढी धानखेती अझै आकाशे पानीको भरमा

**अपन दैनिक संवाददाता**
**रौतहट, भदौ २१ गते**



देशकै प्रमुख धान उत्पादन क्षेत्रमध्ये पर्ने मधेश प्रदेशमा आधाभन्दा बढी धानखेती अझै आकाशे पानीको भरमा भइरहेको छ। पर्याप्त सिँचाइ सुविधा नहुँदा धान उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर परिरहेको सरोकारवाला निकायहरूले बताएका छन्।

मधेश प्रदेशका आठवटै जिल्लामा धानखेती हुने गरे पनि कुल खेतीयोग्य क्षेत्रफलको आधाभन्दा कम भूभागमा मात्रै सिँचाइ सुविधा पुगेको सरकारी तथ्यांकले देखाएको छ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रकाशित गरेको 'कृषि दर्पण'अनुसार प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये ४९ दशमलव ४४ प्रतिशत क्षेत्रमा मात्रै सिँचाइ सुविधा पुगेको छ। यसको अर्थ आधाभन्दा बढी खेतीयोग्य जमिन अझै वर्षाको पानीमा निर्भर रहेको छ।

समयमै पर्याप्त वर्षा नहुँदा किसानले धानको बेर्ना राख्नदेखि रोपाइँसम्म समस्या भोग्दै आएका छन् । रोपाइँको समयमा खडेरी पर्दा धान उत्पादनमा समेत प्रत्यक्ष असर पर्ने गरेको किसानहरूको अनुभव छ। पछिल्ला केही वर्षयता मधेश प्रदेशमा पटक-पटक खडेरीको अवस्था सिर्जना हुँदै आएको छ।

**जिल्लाअनुसार सिँचाइ पहुँचमा ठुलो अन्तर**

मधेश प्रदेशका आठ जिल्लामा सिँचाइ सुविधा पुगेको क्षेत्रफलमा ठुलो अन्तर देखिएको छ। सबैभन्दा बढी सर्लाहीमा खेतीयोग्य क्षेत्रफलको ७२ दशमलव ६८ प्रतिशतमा सिँचाइ सुविधा पुगेको छ। पर्सामा ६१ दशमलव २१ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा रहेको छ। त्यस्तै, धनुषामा ५१ प्रतिशत, बारामा ५० प्रतिशत र रौतहटमा ४८ दशमलव ९१ प्रतिशत खेतीयोग्य क्षेत्रमा सिँचाइ सुविधा पुगेको तथ्यांक छ।

महोत्तरीमा भने ३२ दशमलव ५४ प्रतिशत, सिराहामा ३९ दशमलव ७८ प्रतिशत र सप्तरीमा करिब ३४ प्रतिशत खेतीयोग्य क्षेत्रमा मात्रै सिँचाइ सुविधा पुगेको छ।

यसले कृषि उत्पादन वृद्धि गर्ने सरकारी लक्ष्य र किसानको खेतसम्म पुगेको सिँचाइ सुविधाबिच अझै ठुलो अन्तर रहेको देखाउँछ। विशेष गरी महोत्तरी र सप्तरीका किसान ठुलो मात्रामा आकाशे पानीमा निर्भर छन्।

**तीन लाख ७४ हजार हेक्टरमा धानखेती**

मधेश प्रदेशमा कुल ५ लाख ६७ हजार ५६५ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये ३ लाख ७४ हजार ११७ हेक्टर क्षेत्रमा धानखेती हुने गरेको कृषि मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

तर पर्याप्त सिँचाइ तथा मलखादको अभावका कारण धानको उत्पादकत्व अपेक्षाकृत कम रहेको छ। मन्त्रालयको विवरणअनुसार चैते र वर्षे धान गरी प्रदेशमा प्रतिहेक्टर औसत ३ दशमलव ९६ मेट्रिक टन धान उत्पादन हुने गरेको छ।

प्रदेशमा हाल करिब १४ लाख ८० हजार ८३० मेट्रिक टन धान उत्पादन भइरहेको छ। आर्थिक वर्ष २०८१/८२ मा १५ लाख २ हजार ५८ मेट्रिक टन धान उत्पादन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन उत्पादन भएको तथ्यांक छ।

देशभर वार्षिक करिब ७२ लाख मेट्रिक टन धान आवश्यक पर्ने अनुमान छ। तर औसतमा करिब ६० लाख मेट्रिक टन मात्रै उत्पादन हुने गरेको बताइन्छ। आन्तरिक उत्पादनले माग धान्न नसक्दा करिब १२ लाख मेट्रिक टन धान भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको छ।

**लगानी बढे पनि विस्तार हुन सकेन सिँचाइ**

धान उत्पादनको ठूलो सम्भावना हुँदाहुँदै पनि सिँचाइ र मलखादको सहज उपलब्धता नहुँदा कृषि उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन। कृषि क्षेत्रको आधारभूत पूर्वाधारका

बाँकी पृष्ठ ४ ▸▸

# पालिका अध्यक्ष र इन्स्पेक्टरसहित आठजना क्यासिनोबाट पक्राउ

**अपन दैनिक संवाददाता**
**वीरगन्ज, भदौ २१ गते**





वीरगन्जस्थित एक क्यासिनोबाट सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादव र प्रहरी निरीक्षक प्रदीप पौडेलसहित आठजना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय, पर्साले सार्वजनिक गरेको प्रेस विज्ञप्तिअनुसार भदौ २० गते राति करिब १०:३० बजे वीरगन्ज महानगरपालिका-१४, गण्डकस्थित गोल्डेन फिंगर गेमिङ जोन प्रालि (क्यासिनो)मा नेपाली नागरिक प्रवेश गरी जुवा खेलिरहेको सूचनापछि प्रहरीले टोली परिचालन गरेको थियो।

प्रहरीले क्यासिनोमा नेपालीलाई प्रवेश गराई जुवा खेल्ने तथा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा चारजना र नेपालीलाई क्यासिनोमा प्रवेश गराउने तथा जुवा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा थप चारजनालाई नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीका अनुसार जुवा खेलिरहेको आरोपमा पर्साको सखुवाप्रसौनी गाउँपालिका-६ का ३६ वर्षीय जसवन्त यादव, वीरगन्ज महानगरपालिका-११ का ३० वर्षीय चन्दन सहनी, सोही वडाका ३९ वर्षीय ओमप्रकाश बैठा र स्याङ्जाको हरिनास गाउँपालिका-९ का ३६ वर्षीय प्रदीप पौडेल पक्राउ परेका हुन्।

यादव सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष हुन्। उनी नेकपा (एमाले)बाट निर्वाचित अध्यक्ष रहेको जनाइएको छ। पौडेल भने इलाका प्रहरी कार्यालय पोखरियामा प्रहरी निरीक्षकका रूपमा कार्यरत रहेको पर्सा प्रहरीले जनाएको छ।

त्यसैगरी नेपाली नागरिकलाई क्यासिनोमा प्रवेश गराउने तथा जुवा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा वीरगन्ज महानगरपालिका-१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगन्ज-२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरीको पिपरा गाउँपालिका-५ का ४९ वर्षीय जयदेव साह र वीरगन्ज-१२ का ५० वर्षीय प्रदेशी साहलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

प्रहरीले सखुवाप्रसौनी गाउँपालिकाको सरकारी सवारीसाधनसमेत क्यासिनोपरिसरबाट नियन्त्रणमा लिएको छ । गाउँपालिकाको ना.१झ १६८७ नम्बरको स्कार्पियो क्यासिनोपरिसरमा भेटिएपछि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

पक्राउ परेकाहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## खाँडो खोलामा पानी नहुँदा खडेरीको ...............

छ। तर, यो हप्ताभित्र पानी परेन भने खेत पूरै सुख्खा हुन्छ र उत्पादन घट्ने जोखिम पनि बढ्छ," मेहताले भने।

कृषि ज्ञान केन्द्रका अनुसार सप्तरीमा ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये हरेक वर्ष करिब ६८ हजार हेक्टरमा धान खेती हुँदै आएको छ। यस वर्ष जिल्लाका शतप्रतिशत खेतीयोग्य क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको केन्द्रले जनाएको छ। त्यसैले खडेरी लम्बिँदै गए ठूलो क्षेत्रफलको धानबाली प्रभावित हुने जोखिम बढेको छ।

यसअघि पनि सुख्खाको समयमा खाँडो खोलामा अस्थायी बाँध निर्माण गरी रुपनी र तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रमा सिँचाइका लागि पानी प्रयोग हुँदै आएको थियो। गत वर्षसमेत अस्थायी बाँध निर्माण गरेर हजारौँ बिघा खेतमा पानी पुऱ्याइएको विपद् व्यवस्थापन अधिकृत झाले बताए।

"यस वर्ष खाँडो खोलामा पानी नहुँदा बालबालिकाहरू फुटबल खेलिरहेका छन्। तर, यही अवस्था किसानका लागि ठूलो चिन्ताको विषय बनेको छ," झाले भने।

## सामुदायिक विद्यालयलाई सबै जाति र वर्गको साझा ............

विनियोजनका क्रममा शिक्षा र स्वास्थ्य क्षेत्रले उचित प्राथमिकता नपाउनु विडम्बना भएको उनले बताए।

"हामी आफैं पनि शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ भन्छौं, तर बजेट बन्ने बेलामा शिक्षा र स्वास्थ्यले कम प्राथमिकता पाउँछन्। यो हाम्रो विडम्बना हो," उनले भने।

मन्त्री सिंहका अनुसार चालु आर्थिक वर्षको बजेटमा संघीय सरकारले शिक्षामा १० प्रतिशत र मधेश प्रदेश सरकारले ५ प्रतिशत बजेट विनियोजन गरेको छ। मधेश प्रदेशमा तीन हजार २८६ सामुदायिक विद्यालय रहेको उल्लेख गर्दै उनले विद्यालयको संख्या र आवश्यकताको तुलनामा शिक्षाका लागि विनियोजित बजेट अपर्याप्त रहेको बताए।

"मधेश प्रदेशमा तीन हजार २८६ सामुदायिक विद्यालय छन्। बजेट भने जम्मा डेढ अर्ब रुपैयाँ छुट्याइएको छ। यो बजेटले के गर्न सकिन्छ, तपाईंहरू नै अनुमान लगाउनुस्," उनले भने।

सीमित स्रोत-साधनका बाबजुद मधेश प्रदेशका आठवटै जिल्लामा तीन-तीन वटा विद्यालय छनोट गरी २४ विद्यालयलाई नमुना विद्यालयका रूपमा विकास गर्ने योजना मन्त्रालयले अघि बढाएको उनले जानकारी दिए। समयसापेक्ष नमुना विद्यालय विकासबाट प्रदेशको शैक्षिक क्षेत्रमा सुधार आउने अपेक्षा गरिएको उनको भनाइ थियो।

मन्त्री सिंहले अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गर्ने विद्यालयलाई विशेष अनुदान उपलब्ध गराउने तथा दरबन्दी मिलान र नमुना विद्यालयका लागि छिट्टै स्वयंसेवक शिक्षक भर्ना गर्ने तयारी भइरहेको बताए। उनले सबै विद्यालयका प्रधानाध्यापकलाई विद्यालयको समग्र विकासको योजना बनाएर सम्बन्धित निकायमा आवश्यक दबाब दिन आग्रह गरे।

कार्यक्रममा जिल्ला समन्वय समिति सिरहाका उपाध्यक्ष दिलीपकुमार लामाले समयअनुकूल शिक्षालाई प्रविधिमैत्री बनाउँदै लैजानुपर्ने बताए। बालबालिकालाई मोबाइल चलाउनै नदिनेभन्दा मोबाइलमा के चलाउने र कसरी प्रयोग गर्ने भन्नेबारे सिकाउनुपर्ने उनको भनाइ थियो।

शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका प्रमुख तेजबहादुर खनालले बदलिँदो परिवेशअनुसार शिक्षकको सीप तथा क्षमता विकास गर्नुपर्ने बताए। समयको आवश्यकताअनुसार शिक्षकलाई तालिम, गोष्ठी तथा कार्यशालामार्फत दक्ष बनाउनुपर्नेमा उनले जोड दिए।

"शिक्षकको क्षमता विकास गर्नुपर्छ। राम्रो काम गर्नेलाई पुरस्कारको पनि व्यवस्था आवश्यक छ," उनले भने।

अधिवेशनमा सहभागी प्रधानाध्यापकहरूले विश्व सूचना प्रविधिको क्षेत्रमा अघि बढिसकेको अवस्थामा पनि जिल्लाका कतिपय विद्यालयमा आधारभूत भौतिक पूर्वाधारसमेत अभाव रहेको गुनासो गरे । कतिपय विद्यालयमा झ्याल-ढोका नभएको तथा विद्यार्थी अझै चिसो भुइँमा बसेर अध्ययन गर्नुपर्ने अवस्था रहेको भन्दै उनीहरूले विद्यालयमा आवश्यक पूर्वाधार र प्रविधिको पहुँच सुनिश्चित गर्न माग गरे।

कार्यक्रममा पानका मधेश प्रदेश सचिवालय सदस्य गौरीशंकर चौधरी, अर्नमा गाउँपालिका शिक्षा शाखा प्रमुख नथुनी साह, शत्रुधन यादव, शिवनारायण यादव लगायतले मन्तव्य व्यक्त गरेका थिए।

सो अवसरमा शिक्षा विकासमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका करिब एक दर्जन शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षलगायतलाई प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो।






# महाविपत्तिमा नागरिकको साथ छाड्दैनौं, नसक्ने काममा पनि अतिरिक्त तागत लगाउँछौं: गगन



अपन दैनिक संवाददाता
काठमाडौं, भदौ २१ गते

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकार र पार्टी नागरिकको पीडामा अन्तिम विन्दुसम्म सँगसँगै उभिने प्रतिबद्धता जनाएका छन् ।

आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित केन्द्रीय कार्यसम्पादन समिति बैठकमा बोल्दै उनले उद्धार, राहत र पुनःस्थापनामा राज्यले गर्न सक्ने मात्र नभई 'नसक्ने काममा पनि अतिरिक्त तागत' लगाएर जुट्नुपर्ने बताएका हुन् ।

'हामी सबैलाई आश्वस्त बनाउन चाहन्छौं, यो महाविपत्तिमा सरकार र पीडामा रहेका नागरिकहरूसँगसँगै रहन्छौं,' सभापति थापाले भने, 'हामी अन्तिम विन्दुसम्म जहाँ पुग्नुपर्ने हुन्छ, त्यहाँसम्म नागरिकसँगै रहन्छौं र गर्न सक्ने मात्र होइन, नसक्ने काममा पनि अतिरिक्त तागत लगाएर सहयोग गर्छौं ।'

नुवाकोट र रसुवाका बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेर फर्किएका सभापति थापाले अहिलेको अवस्था विगतका विपद्भन्दा भिन्न र हृदयविदारक रहेको बताए ।

धेरै परिवारले एकैपटक आफन्त गुमाएको र बस्ती नै सामूहिक शोकमा डुबेको उल्लेख गर्दै उनले प्रशासनिक प्रोटोकलभन्दा माथि उठेर मानवीय स्पर्श दिनुपर्नेमा जोड दिए ।

'अहिले त्यहाँ राहत, पुनःस्थापना, पुनर्वास र पुनःनिर्माणको प्रोटोकल त चाहिन्छ नै, तर त्योभन्दा पनि ठूलो कुरा करुणा र सद्भाव चाहिएको छ । समानुभूति र समवेदना चाहिएको छ,' थापाले भने, 'यतिखेर सिङ्गो समाजलाई नै ठूलो बज्रपात परेकाले एक-अर्काको हात समाइदिने मान्छे चाहिएको छ ।'

स्थलगत अनुगमनका क्रममा परिवारका सबै सदस्य गुमाएका एक अनाथ बालक र उनकी हजुरआमासँग भएको भेट स्मरण गर्दै उनले बालबालिकाको दीर्घकालीन संरक्षण, शिक्षा र अभिभावकत्व राज्य र समाजको पहिलो प्राथमिकता हुनुपर्ने बताए ।

लामो समयदेखि बेपत्ता रहेका नागरिकको कानुनी हैसियत प्रस्ट नहुँदा पीडित परिवार थप अन्योल र कानुनी जटिलतामा फसेको भन्दै सभापति थापाले यसमा तत्काल सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराए ।

यस्तो विशेष अवस्थामा परिवारका सदस्यलाई सूचक मानेर स्थानीय तहबाटै आवश्यक कानुनी प्रक्रिया अघि बढाउने कानुनी प्रबन्ध मिलाउनुपर्ने उनको सुझाव छ ।

सुरुङभित्र फसेका नागरिकको उद्धारका लागि नेपालको आन्तरिक प्रविधि र उपकरण अपुग भए तत्काल अन्तर्राष्ट्रिय सहयोग लिनुपर्ने थापाले बताए । नेपालसँग सुरुङ निर्माणको लामो अनुभव भए पनि सुरुङभित्रको जटिल उद्धार र भारी उपकरण एयरलिफ्ट गर्ने क्षमताको अभाव हुन सक्ने उनको भनाइ थियो ।

सुरुङ उद्धारबारे प्रधानमन्त्री र सरकारी प्रवक्ताबाट फरक-फरक अभिव्यक्ति आएकोप्रति प्रश्न उठाउँदै उनले विज्ञ, प्राविधिक र सेना सम्मिलित एकीकृत संयन्त्रमार्फत निर्णय लिनुपर्ने बताए ।

अहिले राजनीतिक आरोप-प्रत्यारोपमा अल्झिने समय नभएको बताउँदै सभापति थापाले भने, 'अहिले कसैलाई अपजस दिने बेला होइन, अझै उद्धार गरेर बचाउन सकिने ठाउँमा जे-जे लगाउनुपर्ने हो, सबै कुरा लगाउनुपर्छ ।'

उनले तीनै तहका सरकार, सुरक्षा निकाय, प्राविधिक, स्वयंसेवक र राजनीतिक दलहरूबीच थप प्रभावकारी समन्वयको खाँचो औंल्याए ।

# राजेन्द्र महतोले झापादेखि कन्चपुरसम्म पैदल यात्रा गर्ने



अपन दैनिक संवाददाता
काठमाडौं, भदौ २१ गते

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले झापादेखि कन्चनपुरसम्म पैदल यात्रा गर्ने भएका छन् ।

हुलाकी राजमार्ग हुँदै गर्ने सो पैदल यात्रा तीन महिनाको हुने सो पार्टीमा महासचिव सन्तोष मेहताले बताए । त्यसको तयारी चलिरहेको र सम्भवतः चाडपर्व सकिने बित्तिकै सो यात्रा सुरु हुने उनले बताए । यो पैदलयात्राको राजनीतिक उद्देश्यका साथै पर्यावरण बचाउने एउटा उद्देश्य रहेको उनको भनाइ छ ।

अध्यक्ष महतोले पैदल यात्रा गर्ने बाटोमा ठाउँ ठाउँमा रुख रोप्ने योजना बनाएका छन् । जलवायु परिवर्तनका कारण विश्व नै संकटमा रहेको बेला पर्यावरण जोगाउने उद्देश्यले सो यात्रामा वृक्षारोपण गर्ने कार्यक्रम रहेको महासचिव मेहताले बताए ।

यात्राको क्रममा राजनीतिक भेटघाट हुनुको साथै राजनीतिको अगामी कार्यदिशाको बारेमा जनतासँग राय सुझाव लिने काम पनि हुने उनले बताए ।

देशको अवस्था फरक ढंगले अगाडि बढिरहेकाले अब फरक ढंगले राजनीति अगाडि बढाउनुपर्ने बताउँदै उनले त्यसका लागि जनतासँग राय सुझाव लिने बताए ।

सोही क्रममा संगठन निर्माणको काम पनि हुने उनले बताए ।

# सामाजिक सद्भावमा खलल पुर्‍याउने अभिव्यक्ति दिने व्यक्ति पक्राउ



अपन दैनिक संवाददाता
काठमाडौं, भदौ २१ गते

मधेशी समुदाय लक्षित अभिव्यक्ति लेखी सामाजिक सद्भावमा खलल पुर्‍याएको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा खोटाङ बाक्सिलाका ३५ वर्षीय विशाल गुरुङ छन् । उनलाई प्रहरी वृत्त नयाँ बानेश्वरको टोलीले पक्राउ गरेको हो । उनीविरुद्ध सार्वजनिक शान्तिमा खलल पुर्‍याउन नहुने कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

उनले सार्वजनिक स्थलहरुमा मधेशी समुदाय लक्षित भड्काउ अभिव्यक्ति लेखेका थिए ।

## आँसु लुकाएर ज्यान जोगाउने सुरक्षाकर्मीप्रति .............

बेपत्ता भएको पीडालाई छातीभित्र दबाएर तीनवटै सुरक्षा निकायले हालसम्म १३ हजार ३ सय ९१ जना नागरिकको सकुशल उद्धार गरेको जानकारी दिँदै प्रधानमन्त्रीले सुरक्षाकर्मीको सेवा, सुरक्षा र सुविधामा सरकारले कुनै सम्झौता नगर्ने प्रतिबद्धता जनाएका हुन् ।

आइतबार सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री शाहले विपद्को घडीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले देखाएको अद्भुत मानवीय धैर्य र वीरताको उदाहरण प्रस्तुत गरे ।

उनले नुवाकोटको विदुर-६, खम्पा क्याम्पस्थित केन्द्रीय कारागारमा ५२ जना सुरक्षाकर्मीले देखाएको बहादुरीको स्मरणसमेत गरे ।

गत भदौ १० गते भोटेकोसीको बाढी उर्लिएर आउँदा कारागारमा ९२३ जना कैदीबन्दी थिए । नेपाल प्रहरी र सशस्त्र प्रहरीका कमान्डरसहित खटिएका ५२ जना सुरक्षाकर्मीले अलिकति पनि हिम्मत नहारी दुईवटा भवनका सबै कैदीबन्दीलाई माथिल्लो भवनमा सारेर सम्भावित ठूलो मानवीय क्षति टारेका थिए ।

त्यसलगत्तै बाढीको लेदोले प्रशासनिक भवन, सुरक्षा हाइपोस्ट र पर्खाल ढाल्दै कैदीबन्दी राखिएका भवनको पहिलो तलासम्म डुबाएको थियो ।

त्यही मौका छोपेर पर्खाल र गेट तोडी १०० मिटरसम्म भागिसकेका ५० जना कैदीबन्दीलाई सुरक्षाकर्मीहरूले घाइते हुँदै पुनः नियन्त्रणमा लिएका थिए । कैदीहरूको आक्रमणबाट केही सुरक्षाकर्मी घाइते भए पनि उनीहरूले संयमतापूर्वक स्थानीय बासिन्दाको समेत ज्यान रक्षा गरेका थिए ।

आज पनि उनीहरू बस्ने ब्यारेक लेदोमै रहेको, पहुँचमार्ग ध्वस्त भएको र खानेपानी प्रणाली बिथोलिए पनि खेतको आलीबाट पानी बोकेर कैदीबन्दीलाई खुवाउँदै उच्च मनोबलका साथ ड्युटीमा खटिएका सुरक्षाकर्मीको समर्पण अद्भुत रहेको प्रधानमन्त्रीले बताएका छन् ।

उद्धार कार्यकै क्रममा नेपाली सेनाका ४५, नेपाल प्रहरीका २५ र सशस्त्र प्रहरीका १२ गरी कुल ८२ जना सुरक्षाकर्मी बाढीमा परेर अझै सम्पर्कविहीन छन् ।

आफ्ना सहकर्मी गुमाएको पीडाबीच पनि सुरक्षाकर्मीहरू दलदलमा पसेर नागरिकको खोजी, शव व्यवस्थापन र शिविरहरूको पहरेदारीमा दिनरात खटिरहेको प्रधानमन्त्रीले उल्लेख गरेका छन् ।

बाढी प्रभावित क्षेत्रमा हाल तीनवटै सुरक्षा निकायका गरी २१ हजारभन्दा बढी सुरक्षाकर्मी फिल्डमा परिचालित छन् । जसमध्ये नेपाली सेनाका ९ हजार २ सय ८७ जना खटिएका छन् ।

सेनाले नुवाकोटको त्रिशूली बट्टारस्थित मैथिल ब्यारेकमा उपरथीको नेतृत्वमा 'फरवार्ड हेडक्वार्टर', 'इमर्जेन्सी मेडिकल रेस्क्यु टिम' र मुख्य 'फरवार्ड एयर बेस' स्थापना गरेको छ ।

त्यस्तै, रसुवाको धुन्चेमा सहायक रथीको कमान्डमा 'ट्याक्टिकल हेडक्वार्टर' र अतिरिक्त एयर बेस सञ्चालन गर्दै सेनाले जलविद्युत् आयोजनाका सुरुङमा खोजतलासको अगुवाइ गरिरहेको छ ।

सेनाले नुवाकोटको देवीघाटमा आफ्नै इन्जिनियर परिचालन गरी एक्रो ब्रिज जडान र अन्यत्र बेलीब्रिज निर्माण कार्यसमेत तीव्र पारेको छ ।

उता, खोज तथा उद्धारको अग्रपङ्क्तिमा नेपाल प्रहरीका ७ हजार ९ सय ७५ जना जनशक्ति परिचालित छन् । प्रहरीले तालिमप्राप्त कुकुर (डग टिम) मार्फत खोजी कार्यलाई तीव्रता दिनुका साथै घाइतेहरूलाई तत्काल अस्पताल पुर्‍याउने, शव व्यवस्थापनको नेतृत्व लिने, जोखिम क्षेत्रमा निरन्तर माइकिङ गर्ने र शान्ति सुरक्षा कायम राख्ने काम गरिरहेको छ ।

त्यस्तै, सशस्त्र प्रहरी बलका ४ हजार २ सय ३ जना जनशक्ति उर्लँदो नदी र कठिन भूगोलमा प्रत्यक्ष उद्धारमा जुटेका छन् ।

सशस्त्रले विशेष तालिमप्राप्त गोताखोर, डोरी टोली, ड्रोन स्क्वाड, केनाइन टोली र १३ वटा विपद् प्रतिकार्य बेस स्थापना गरी खोजतलास अघि बढाएको छ । प्रभावित क्षेत्रमा उपचार सेवा उपलब्ध गराउनुका साथै सशस्त्रले नेपाल-चीन सीमामा राष्ट्रिय झन्डासमेत फहराएको छ ।

प्रधानमन्त्री शाहले राष्ट्रसेवक सुरक्षाकर्मीहरूकै त्यागका कारण आज संकटको बेला लाखौं नागरिकले सुरक्षित महसुस गर्न पाएको बताएका छन् ।

उनले फिल्डमा खटिएका सुरक्षाकर्मी, उनीहरूलाई हौसला दिने घरपरिवार, कार्यक्षेत्रमा खटिएका कमान्डरहरू तथा संकट व्यवस्थापनमा सघाउने स्वदेशी तथा विदेशी विज्ञहरूप्रति नेपाल सरकारको तर्फबाट उच्च सम्मान र कृतज्ञता व्यक्त गरेका छन् ।






## भोटेकोशी बाढी: १ हजार ३५३ जनाको शव .............

दुई हजार ८२७ पुरुष र ५६७ महिला छन् । यस्तै, विदेशी नागरिकतर्फ २६७ पुरुष, २३९ महिला सम्पर्कविहीन छन् ।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी, उद्धार तथा शव व्यवस्थापनकार्यलाई सुरक्षा निकायले निरन्तरता दिइरहेको छ । फेलापरेका शवमध्ये एक हजार ४४ वटा शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

बाढीपछि हालसम्म नौ हजार १५९ जना घाइतेको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये तीन हजार १९० जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिए ।

बेपत्ता व्यक्तिको पहिचान तथा फेलापरेका शवको सनाखत गर्न डिएनए परीक्षणलाई प्राथमिकता दिइएको छ । हालसम्म मृतक एक हजार १८१ जना र मृतकका आफन्त एक हजार १९५ जना गरी दुई हजार ३७६ जनाको डिएनए नमूना सङ्कलन गरिएको प्रहरीले जनाएको छ ।

बेपत्ताको खोजी, उद्धार, शवको पहिचान तथा व्यवस्थापनका लागि नेपाल प्रहरीसहित नेपाली सेना, सशस्त्र प्रहरी बल र सम्बन्धित सरकारी निकायका टोली प्रभावित क्षेत्रमा परिचालित छन् ।

## मधेश प्रदेशमा आधाभन्दा बढी धानखेती अझै आकाशे ..............

रूपमा रहेको सिँचाइमा पर्याप्त तथा प्रभावकारी लगानी हुन नसक्नु प्रमुख समस्याका रूपमा देखिएको छ ।

किसानले हरेक वर्ष धान रोपाइँको समयमा मल र सिँचाइको समस्या भोग्दै आएका छन् । संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकारले सिँचाइ क्षेत्रमा लगानी गर्दै आए पनि त्यसको प्रभाव किसानको खेतसम्म पर्याप्त रूपमा पुग्न सकेको छैन ।

संघीय र प्रदेश तहमा सिँचाइसम्बन्धी छुट्टाछुट्टै मन्त्रालय तथा निकाय छन् । मधेश प्रदेशमा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत कृषि सिँचाइका विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

प्रदेश सरकारले हरेक वर्ष डिप ट्युबवेल, स्यालो ट्युबवेल, नहर, कुलो तथा अन्य सिँचाइ आयोजनामा लगानी गर्दै आएको छ । भूमिगत सिँचाइ विस्तारका लागि वर्षेनी एक सयभन्दा बढी डिप ट्युबवेल, स्यालो ट्युबवेल तथा अन्य सिँचाइ आयोजनामा लगानी हुने गरेको छ ।

तर योजना छनोट, पर्याप्त बजेट तथा प्रभावकारी व्यवस्थापनको अभावका कारण धेरै आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । पर्याप्त बजेट विनियोजन नहुँदा कतिपय आयोजना वर्षौंसम्म अधुरै रहने गरेका छन् ।

सिँचाइ सुविधा विस्तार नहुँदासम्म मधेशको धान उत्पादनलाई स्थायित्व दिन कठिन हुने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ । वर्षामा निर्भर खेतीलाई घटाउँदै भरपर्दो सिँचाइ प्रणाली विस्तार गर्न सके मात्रै धानको उत्पादकत्व बढाउन र किसानको उत्पादन लागत घटाउन सकिने उनीहरूको सुझाव छ ।